संघीय संसद

प्रतिनिधि सभा

# उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति

मिति: २०८१/१/१३, बैठक संख्या: ३१

## छलफल/निर्णय

समितिको आजको बैठकमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका लागि आ.व. २०८०/८१का लागि विनियोजित बजेटको कार्यान्वयन तथा मन्त्रालयको हालसम्मको कामकारबाहीको सम्बन्धमा माननीय मन्त्रीज्यूको उपस्थितिमा छलफल भई देहाय बमोजिम निर्णय गरियो:

१. मन्त्रालयका लागि चालु आ.व.मा विनियोजित बजेटको पुँजीगत खर्चको अवस्था निराशाजनक रहेको तथ्यतर्फ समितिको गम्भिर ध्यानाकर्षण भएको छ। अतः मन्त्रालयले बजेट कार्यान्वयनमा रहेका व्यवधानहरूको तत्काल समाधान गरी बजेट कार्यान्वयनमा आवश्यक सुधार गर्न नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिने,

२. बैदेशिक रोजगारीमा नेपाली दक्षजनशक्तिको आवद्धता बढाउन सीप विकासका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गर्दै यस्ता दक्ष जनशक्ति वैदेशिक रोजगारीमा जान सक्ने गरी आवश्यक व्यवस्था गर्न नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिने,

३. राष्ट्रिय व्यवसायिक प्रशिक्षण प्रतिष्ठानको संस्थागत क्षमता अभिबृद्धि गरी उक्त संस्थाबाट सञ्चालन हुने तालिम कार्यक्रमलाई विश्व वजारको माग र आवश्यकता अनुसार वनाउन नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिने,

४. नेपालमा सञ्चालित मेनपावर कम्पनीहरूको नियमित अनुगमन तथा निरीक्षण गरी बैदेशिक रोजगारीका क्षेत्रमा हुने सबै प्रकारका ठगी तथा बदमासीहरूको अन्त्य गर्न नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिने,

५. नेपालको उर्जाशील जनशक्तिको ठुलो हिस्सा बैदेशिक रोजगारीमा रहेको तथ्य सर्वविदितै छ। यसरी जनशक्तिको ठुलो हिस्सा मुलुक बाहिर रहदाँ आवधिक निर्वाचनमा ती जनशक्तिहरू मताधिकारबाट वञ्चितीकरणमा पर्ने गरेको हुनाले बैदेशिक रोजगारीमा रहेका श्रमिकहरूलाई समेत मताधिकार प्रयोग गर्ने अवसरको सुनिश्चितताका लागि आवश्यक पहल गर्न नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशनं दिने,

६. बैदेशिक रोजगारीको क्रममा विश्वका विभिन्न मुलुकहरूमा युद्ध तथा अन्य विभिन्न कारणले अलपत्र अवस्था परेका नेपाली कामदारहरूको पहिचान गरी तत्काल उद्धारका कार्यसञ्चालन

गरी नेपाल फिर्ता ल्याउन आवश्यक पहल गर्न नेपाल सरकार, श्रम, रोजगार तथ  सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिने,

७. योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित सबै रोजगारदाता संघ-संस्था, प्रतिष्ठानहरूलाई अबिलम्ब सूचिकृत गराई तहाँ कार्यरत कर्मचारी, श्रमिकहरूलाई कोषमा आबद्ध गराउँदै अनौपचारिक क्षेत्रमा रहेका कामदारहरूलाई समेत यस कोषमा आवद्ध गराई सेवा सुविधा उपलब्ध गराउन नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिने,

८. समितिको अर्को बैठक सूचना जारी भएपछि बस्ने गरी आजको बैठक स्थगित भयो ।